# गण्डकी विश्वविद्यालय

## (उपकुलपतिको कार्यालय)

गण्डकी प्रदेश, पोखरा, नेपाल

प.स. ०८२।८३

च.न.

मितिः २०८२/१२/२८

## विषयः बधाई तथा धन्यवाद ज्ञापन

गण्डकी विश्वविद्यालयको प्रथम दीक्षान्त समारोह, २०८२ मिति २०८२ साल चैत्र २८ गते सभ्य, गरिमामय तथा भव्य रूपमा सफलतापूर्वक सम्पन्न भएको सुखद अवसरमा, दीक्षित हुने सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै उज्ज्वल, सिर्जनशील तथा सफल भविष्यको हार्दिक शुभकामना व्यक्त गर्दछु। यहाँहरूले आर्जन गर्नुभएको ज्ञान, सीप तथा मूल्य र मान्यतालाई राष्ट्र निर्माण तथा समाजको समग्र समृद्धिमा प्रभावकारी रूपमा सदुपयोग गर्नुहुनेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु।

उक्त समारोहलाई सफलतापूर्वक सम्पन्न गर्न अतुलनीय सहयोग तथा मार्गदर्शन प्रदान गर्नुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रीज्यू, दीक्षान्त समारोहका प्रमुख वक्ताज्यू, विश्वविद्यालय न्यासिक परिषद्का अध्यक्ष तथा सदस्यज्यूहरू, विश्वविद्यालयको निमन्त्रणालाई स्वीकार गरी गरिमामय उपस्थिति जनाउनुहुने विभिन्न क्षेत्रका विज्ञ व्यक्तित्वहरू, समाजसेवीहरू तथा विभिन्न संघ-संस्थाका प्रमुख, अध्यक्ष एवं प्रतिनिधिज्यूहरू, पत्रकारज्यूहरू साथै विश्वविद्यालयका सम्पूर्ण पदाधिकारीज्यूहरू तथा यस महान कार्यलाई सफल बनाउन अहोरात्र खटिनुहुने शिक्षक एवं कर्मचारीज्यूहरूप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

यहाँहरूको निरन्तर सक्रियता, सहयोग, सद्भाव तथा सहकार्यप्रति उच्च सम्मान व्यक्त गर्दै आगामी दिनहरूमा समेत यस्तै अमूल्य साथ र सहयोग प्राप्त हुने अपेक्षा राख्दछु।

**धन्यवाद।**

**जय गण्डकी विश्वविद्यालय।**

..............................

**उपकुलपति तथा अध्यक्ष**
**दीक्षान्त समारोह समिति, २०८२**
**गण्डकी विश्वविद्यालय**

Phone: 061-450251, E-mail: vc@gandakiuniversity.edu.np Web: www.gandakiuniversity.edu.np